मितिः २०८२/०५/१३
समयः दिनको १:०० बजे

आज मिति २०८२ साल भाद्र महिनाको १३ गते शुक्रबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको चालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा (राजिव) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

<u>आमन्त्रित उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, श्री वीर बहादुर खड्का | |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकृत स्तर आठौं श्री रामजी रायमाझी | |
| ३. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ४. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ५. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ६. | प्रशासन शाखा | प्रा.स. श्री रामबाबु बस्नेत | |
| ७. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०५/१३ गतेको चालिसौं कार्यपालिका बैठकको निर्णय*

**निर्णय नं.१ः- आ.ब. ०८१/०८२ को प्रगति समिक्षा सम्बन्धमाः**

यस नगरकार्यपालिकाको कार्यालयले पेश गरेको नगरपालिकाको आर्थिक वर्ष ०८१/०८२ को प्रगति विवरण उपर छलफल गरियो । साथै पुँजिगत खर्चमा थप प्रभावकारीता ल्याउन कार्ययोजना बनाई कार्य सम्पादन गर्न नगरकार्यपालिका कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ः- नगर दररेट स्वीकृति सम्बन्धमा :**

यस गोकर्णेश्वर नगरपालिकाको आगामी आ.व.२०८२/०८३ का लागि गोकर्णेश्वर नगर क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट निर्धारण गर्न यस नगर कार्यपालिकाको कार्यालयको पूर्वाधार विकास शाखाको प्रमुख ईन्जिनियरको संयोजकत्वमा ५ सदस्यीय नगर दररेट तयारी समिति गठन गर्ने र उक्त समितिको सदस्य प्रमुख प्रशासकीय अधिकृतले तोकी कार्य अगाडि बढाउने र प्रतिवेदन तयार पश्चात नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई जिम्मेवारी दिने गरी १५ औं नगर सभाबाट निर्णय भए बमोजिम उक्त समितिले तयार गरेको नगर दररेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ः- बुद्द एकेडेमी समस्या समाधान कार्यदलको प्रतिवेदन सम्वन्धमा :-**

यस नगरपालिकाको वडा नं.६ स्थितको बुद्द एकेडेमीको समस्या समाधानका लागि मिति २०८२/०२/०६ गते नगर शिक्षा समितिले पुनःगठनको सिफारिस गरी मिति २०८२/०२/२५ को सैतिसौ कार्यपालिका बैठकबाट अनुमोदन भएको वडा नं.६ का वडाध्यक्ष श्री नवराज लामाको संयोजकत्व रहेको कार्यदलले पेश गरेको बुद्द एकेडेमीको समस्या समाधान कार्यदलको प्रतिवेदनमा उल्लेखित समस्या समाधानका लागि अपनाउन पर्ने बुँदागत उपायहरुमा औंल्याए अनुसार "जिल्ला प्रशासन कार्यालय काठमाडौंको प.स.०८०/०८१ च.नं.९२३ मिति २०८१/०२/०१ को पत्रबाट अखिल नेपाल हिमाली बौद्ध संघलाई सुझाव कार्यान्वयन गरी सुधार गर्ने सम्बन्धमा प्रेशित १२ बुँदे निर्देशनलाई कार्यान्वयनमा ल्याउनका लागि सोहि निर्देशनमा उल्लेखित तदर्थ समितिलाई सक्रिय बनाई गर्नु गराउनु भनि अखिल नेपाल हिमाली बौद्ध संघलाई जिम्मेवार बनाउने" र "अखिल नेपाल हिमाली बौद्ध संघको विधान बमोजिम उक्त तदर्थ समितिले अखिल नेपाल हिमाली बौद्ध संघको कार्यसमिति बनाई सोहि कार्यसमितिबाट बुद्ध एकेडेमी आवासीय विद्यालय व्यवस्थापनको गठन विधान बमोजिम हुन, विद्यालयको संचालन एवं व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण गर्न विद्यालयको चल अचल सम्पत्ति बेच विखन गर्न नदिन, विद्यालयको सम्पत्ति संरक्षण गर्न अखिल नेपाल हिमाली बौद्ध संघबाट गर्ने/गराउने" सम्बन्धी विषयहरुलाई कार्यान्वयनमा लैजान उक्त तदर्थ समितिलाई परिपत्र गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०५/१३ गतेको चालिसौं कार्यपालिका बैठकको निर्णय

**निर्णय नं.४:- नगर अस्पताल भवनको म्याद थप सम्बन्धमाः**

यस गोकर्णेश्वर नगरपालिकाको आ.व. २०७९/८० अन्तर्गतको ठेक्का नं. न ***GOMUN/NCB/W/079-80/10 "Construction of 15- Bed Nagar Hospital at Gokarneshwor Municipality, Kathmandu"*** कार्यको लागि श्री सुर्य चन्द्र कन्सट्रक्सन कम्पनि प्रा.लि रसुवा वीच कबोल रकम २०८८३७३०२.४४।- मा सम्झौता भई मिति २०८०/०५/२७ को कायदिश अनुसार २०८२/०५/३१ मा सम्पन्न हुनेगरि कायदिश दिईएकोमा निर्माण कार्य सुरूवातमा नै आर.सि.सी. सियर वाल डिजाईन गरी लगाउनु पर्ने र सो कारणबाट भेरिएसन भएको र साईट क्लियरेन्सका कार्य केही समय ढिलाई भएको हुनाले भवन निर्माण समयावधि थप गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा निर्माण व्यावसायिबाट प्राप्त निवेदन तथा निर्माण कार्यतालिका पेस भएअनुसार सार्वजानिक खरिद नियमावलि २०६४(संसोधन सहित) बमोजिम निर्माण व्यावसायिबाट २०८३ भाद्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं.५:- स्वास्थ्य क्लिनिकलाई अनुमति दिने सम्बन्धमाः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ जनस्वास्थ्य नियमावली, २०७७ र स्वास्थ्य संस्था सञ्चालन, स्तरोन्नती मापदण्ड, २०७८ (प्रथम संशोधन) अनुसार स्वास्थ्य सँस्थाको ईजाजत तथा थप सेवा ईजाजत पाउँ भनि निवेदन पेश हुन आएका निम्न लिखित क्लिनिकहरुलाई अनुगमन समितिको स्थलगत प्रतिवेदन समेतको आधारमा प्रचलित कानुन बमोजिम सञ्चालन गर्ने गरी दर्ता अनुमति, ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | सेवा |
|---|---|---|---|
| १ | ऐस्वर्य हेल्थ केयर एण्ड डाइग्नोस्टिक सेन्टर प्रा.लि. | गो.न.पा.७ | १, बहिरङ्ग सेवा सहित प्राथमिक उपचार<br>२, "डी" वर्गको प्रयोगशाला |
| २ | खुसी स्वास्थ्य क्लिनिक प्रा.लि. | गो.न.पा.८ | १,बहिरङ्ग सेवा सहित प्राथमिक उपचार |
| ३ | आरोग्य वेल केयर क्लिनिक प्रा.लि. | गो.न.पा.५ | १, रेडियोलोजी सेवा ( ईन्डोस्कोपी, यु.यस.जी.,ईको,ई.सि.जी., कोलोनोस्कोपी |

**निर्णय नं. ६:- राष्ट्रिय परिचय पत्र वितरण/ विवरण संकलन सम्बन्धमा ।**

यस नगरपालिका अन्तर्गत वडा नं.६ मा रहेको राष्ट्रिय परिचय पत्र विवरण संकलन र वितरणको कार्य गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८२/०४/१५ को प.स.०८२/०८३ च.नं.८२ को पत्र बमोजिम यस कार्यालयमा स्थानान्तरण भएको दर्ता अपरेटर श्री ममता अवस्थीलाई सहायक स्तर चौथो तहको सेवा सुविधा हुने गरी मिति २०८२/०६/०१ देखि २०८२ पौष मसान्त सम्मका लागि करार सेवामा लिई राष्ट्रिय परिचय पत्र विवरण संकलन र वितरणको कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।



Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०५/१३ गतेको चालिसौं कार्यपालिका बैठकको निर्णय*

**निर्णय नं.७:- विद्यालयको अध्यापनको विषय थप तथा स्थानान्तरण सम्बन्धमा:**

क) चामुण्डा माध्यामिक विद्यालय, गो.न.पा.६ ले आफ्नो आन्तरिक श्रोतबाट कक्षा ११ मा विज्ञान विषय थप गरी सञ्चालन गर्न अनुमति माग गरेको सन्दर्भमा नगर शिक्षा समितिको मिति २०८२/०५/११को सिफारिस गर्ने निर्णय बमोजिम चामुण्डा माध्यामिक विद्यालयलाई शैक्षिक सत्र २०८२ देखि विद्यालयको आफ्नो आन्तरिक श्रोतबाट कक्षा ११ मा विज्ञान विषय थप गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ख) माउण्ट समिट स्कुल, गो.न.पा.६ ले यस नगरपालिकाको वडा नं.५ मा विद्यालय स्थानान्तरण गरी सञ्चालन गर्न अनुमति माग गरेकोले नगर शिक्षा समितिको मिति २०८२/०५/११को सिफारिस गर्ने निर्णय बमोजिम शैक्षिक सत्र २०८२ देखि स्थानान्तरण गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:- विद्यावारधि गर्नुभएका विज्ञहरुको रोष्टर निर्माण गर्ने सम्बन्धमा:**

यस गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र स्थाई बसोबास गरिरहनु भएका विद्यावारिधि गर्नुभएका विज्ञ व्यक्तित्वज्यूहरुको रोष्टर (अभिलेखिकरण) निर्माण गर्न १५(पन्ध्र) दिनको समयावधी राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:- अनुमोदन सम्बन्धमा:**

नगरकार्यपालिका कार्यालयबाट आवश्यकताका आधारमा आ.व.०८२/०८३ मा शुरु गरिएका देहाय बमोजिमका कार्यहरुलाई परामर्श सेवा खर्च शिर्षकबाट खर्चको श्रोत सुनिश्चित गरी प्रारम्भ गरिएको कार्यहरुलाई अनुमोदन गरियो ।

क) प्रशासनीक भवनको वातावरणी अध्ययन गर्ने कार्य रु.५,००,०००/- ।

ख)प्रशासनीक भवनको कन्सल्टेन्सी सुपर भिजनको कार्य रु.१८,००,०००/- ।

ग)भूउपयोग वर्गिकरणको एवं कित्तागत विवरणको कार्य रु.१७,००,०००/- ।

घ) वेरुजु फछ्यौंटका लागि परामर्श दाता लिने कार्यर रु.५,००,०००/- ।

ङ) नगरपालिकाको ETDS हिसाव मिलान गर्ने कार्यका लागि परामर्श सेवा लिने कार्य रु.५,००,०००/- ।

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८२/०५/१३ गतेको चालिसौं कार्यपालिका बैठकको निर्णय*

**निर्णय नं.१०:- विविध सम्बन्धमा:**

१०.१) आ.ब.०८२/०८३ को नगर स्तरीय स्वास्थ्य तर्फको असाध्य रोग अनुदान एवंम् बिपन्न उपचार सहयोग शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिमका यस नगरपालिकामा स्थायी बसोबास गर्ने व्यक्तिहरुलाई उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | विरामीको नामथर, ठेगाना | पिडित रोग | उपचार खर्च रकम |
|---|---|---|---|
| १ | सुधन के.सी.,गो.न.पा.६ | आन्द्राको क्यान्सर | रु.५०,०००/- |
| २ | सरमिला तामाङ, गो.न.पा.१ | मृगौला सम्बन्धी | रु.५०,०००/- |
| ३ | रमादेवि उपाध्याय, गो.न.पा.९ | छातीको क्यान्सर | रु.५०,०००/- |
| ४ | भला विश्वकर्मा, गो.न.पा.३ | पत्थरी सम्बन्धी | रु.५०,०००/- |
| ५ | सितामाया लामा ( नगर अस्पतालको का.स.पदमा कार्यरत कर्मचारी) पति ललितमान लामा | न्युरो सम्बन्धी | रु.५०,०००/- |
| ६ | महेश तामाङ, कार्यालयको सवारी चालक ( कार्यालय समयमा सवारी चलाउदा दुर्घटना भएको व्यक्ती को उपचार खर्च) | | रु.४४,०००/- |

१०.२) सारदा मा.वि. सिनामङ्गल, काठमाडौको हिरक जयन्तीमा प्रकाशन हुन लागेको शारदा वाणी स्मारिकामा नगरपालिकाको सन्देशमुलक सूचना राख्न आ.ब.०८२/०८३ को प्रशासन योजना अनुगम र आर्थिक प्रशासन को विज्ञापन,सूचना तथा सन्देशमूलक छपाई शिर्षकबाट खर्च लेखिने गरी रु.५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

१०.३) यस नगरपालिकाको वडा नं.५ र ६ जोरपाटी चोक लगायत मुख्य सडकका मुख्य स्थानहरुमा ट्राफिक लाइट जडान गर्न आवश्यक भएकोले आ.ब.०८२/०८३ को नगरस्तरीय सडक वत्ति शिर्षकबाट खर्च लेखिने गरी रु.१०,००,०००/- रकम विनियोजन गरी ट्राफिक लाइट जडान गर्ने निर्णय गरियो ।

१०.४) यस नगरपालिका वडा नं.१ स्थित मुलखर्कमा बर्षातको कारण क्षति पुगेको बाटो स्तरोन्नती गरिएको ग्याबियन तार जालीको लागि आ.ब.०८२/०८३ को नगरस्तरीय विपद व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी रु.३,००,०००/- रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

१०.५) यस नगरपालिका वडा नं.४ स्थित सिग्देल मार्गमा मेशिनरी वाल लगाउन आवश्यक भएकोले आ.ब.०८२/०८३ को नगरस्तरीय विपद व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी रु.१०,००,०००/- रकम विनियोजन गरी मेशिनरी वाल निर्माणको कार्य गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

१०.६) चिकित्सा शिक्षा आयोगबाट संचालन हुने शैक्षिक सत्र २०८२/०८३ मा चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2026) का विभिन्न शैक्षिक कार्यक्रमहरुमा अध्ययनका लागि एकिकृत प्रवेश परीक्षामा सहभागी हुन पूर्व अध्ययन स्वीकृति माग गर्ने तपशिल बमोजिमका कर्मचारीहरुलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ एवं नेपाल सेवा नियमावली, २०५५ बमोजिम सेवा समूहसँग मिल्दो विषयमा चिकित्सा शिक्षा आयोगबाट संचालन हुने शैक्षिक सत्र २०८२/०८३ मा स्नातक तहको विभिन्न शैक्षिक कार्यक्रमहरुमा अध्ययनका लागि स्थानीय तहले अध्ययन अवधिभरको कुनै पनि किसिमको तलव भत्ता उपलब्ध गराउन नसक्ने गरी एकिकृत प्रवेश परीक्षामा सहभागी हुन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नामथर | कर्मचारी सं.नं. | अध्ययन पूर्व स्वीकृति माग भएको तह | कैफियत |
|---|---|---|---|---|
| १ | वीरेन्द्र प्रसाद यादव | २१००७८ | स्नातक तह (बी.पी.एच) | |
| २ | गिता दुलाल | २२२५३७ | स्नातक तह (बी.एन.एस) | |

१०.७) यस नगरपालिका अन्तर्गत कार्यरत स्थाई कर्मचारीहरुका लागि निजहरुको सेवा समूह संग सम्बन्धि विषयमा अध्ययन गर्नका लागि अध्ययन पूर्व स्वीकृति दिन नगर कार्यपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

१०.८) बाल अपाङ्ग टेवा संस्था मार्फत ह्वीलचियर वितरण कार्यका लागि आ.ब.०८२/०८३ को नगर स्तरीय महिला बालबालिका तथा समाज कल्याणको अपाङ्गता भएका व्यक्तिहरुको ह्विल चियर मर्मत खर्च बाट रु१,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

१०.९) यस नगरपालिकाको आ.ब.०८२/०८३ को नगरस्तरीय नगरप्रमुख कार्यक्रम शिर्षकबाट खर्च लेखिने देहाय बमोजिम संस्थाहरुलाई साँस्कृतिक कार्यक्रम बापत बजेट उपलब्ध गराउने निर्णय गरियो ।

क) शैक्षिक महिला संजाल रु.२,००,०००/-

ख) राष्ट्रिय संस्थागत विद्यालय संघ नेपाल (निशान)रु.३,००,०००/-

ग) गोकर्णेश्वर प्याब्सन रु.२,००,०००/-

घ) नागरिक समाज रु.२,००,०००/-



Scanned with CamScanner